
महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने
सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा

# आदिवासी महिलाको अर्थपूर्ण संलग्नताको लागि कमबद्ध निर्देशिका

# Step-by-step guidebook for effective engagement of Indigenous Women on CEDAW

- डा. कृष्ण-बहादुर भट्टचन




IWGIA

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
काठमाडौं, नेपाल

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
काठमाडौं, नेपाल

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने
सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा

# आदिवासी महिलाको अर्थपूर्ण संलग्नताको लागि कमबद्ध निर्देशिका

# Step-by-step guidebook for effective engagement of Indigenous Women on CEDAW

- डा. कृष्ण बहादुर भट्टचन

NIWF
Kathmandu, Nepal
Estd. 1998

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
काठमाडौं, नेपाल

NIWF

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
काठमाडौं, नेपाल

**आदिवासी महिलाको अर्थपूर्ण संलग्नताको लागि क्रमबद्ध निर्देशिका**

**Step-by-step guidebook for effective engagement of Indigenous Women on CEDAW**

**Copyright :** © NIWF, 2022

प्रकाशक :

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
पेप्सीकोला, काठमाडौं

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
काठमाडौं, नेपाल

डिजाइन एण्ड प्रिन्ट : पर्फेक्ट ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ्ग सपोर्ट
बागबजार, काठमाडौं

# विषयवस्तु


| | | |
|---|---|---|
| **स्टेप १.** | महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड) को सम्बन्धमा प्रारम्भिक जानकारी हासिल गर्ने | १ |
| **स्टेप २.** | सिडका प्रावधानहरु बारे जानकारी राख्ने | ३ |
| **स्टेप ३.** | सिडको इच्छाधीन आलेखका प्रावधानहरु बारे जानकारी राख्ने | ५ |
| **स्टेप ४.** | महिलाविरुद्ध भेदभाव उन्मूलन समिति वारे जानकारी राख्ने | ७ |
| **स्टेप ५.** | प्रतिवेदनसम्बन्धी संयन्त्रवारे जानकारी राख्ने र उपयोग गर्ने | ८ |
| **स्टेप ६.** | व्यक्तिगत सूचना कार्यविधिवारे जानकारी राख्ने र उपयोग गर्ने | ९ |
| **स्टेप ७.** | जाँचबुझ कार्यविधि वारे जानकारी राख्ने र उपयोग गर्ने | १० |
| **स्टेप ८.** | उजुरी गर्ने कार्यविधिवारे जानकारी राख्ने | १० |
| **स्टेप ९.** | सिडका सम्बन्धमा गैससले गर्ने रिपोटिंगको कमबद्ध कदमहरुको चक | ११ |
| **स्टेप १०.** | आदिवासी महिला लगायतका आदिवासीको संघ संस्थाले छायाँ वा बैकल्पीक प्रतिवेदन तयार गरी बुझाउने प्रकृया, तयारी तथा काम | १४ |
| **स्टेप ११.** | निष्कर्ष अवलोकन तथा सुझाव | २३ |

सन्दर्भ सामग्रीहरु

# आभार

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च नेपालको संविधान, कानून, नीति, नियम, योजना तथा कार्यक्रमहरूमा आत्मनिर्णय, स्वायत्तता, स्वशासन, भूमि, भूभाग र स्रोतमा स्वामित्व र नियन्त्रण, प्रथाजन्य कानून र संस्थाहरु, मातृभाषा, स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी, आदिवासी ज्ञान लगायतका सामुहिक अधिकार र सामुहिक जीवन पद्धति प्रत्याभुत गर्न संघर्षरत छ । हामी आदिवासी भएकै कारण हुने भेदभाव विरुद्ध संघर्षरत छौं। साथै, महिला भएको कारण आदिवासी महिलाले भोग्नुपरेको विभेदको अन्त्यको लागि पैरवी गर्दै आएका छौं ।

सन् २०१८ मा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ र आदिवासी महिला कानूनी सचेतना समूहले संयुक्त सिड छायाँ प्रतिवेदन बुझाएको थियो । यस मञ्चले महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा विभिन्न प्रकाशन, सिड कार्यान्वयनको लागि राज्यपक्षको ध्यानाकर्षण र आदिवासी महिला र युवतीहरुलाई सचेतना वृद्धि गर्ने लगायतको कार्यहरु गर्दै आएको छ । यसै क्रममा सिडको प्रकृयालाई प्रष्ट पार्न सहज होस् भन्ने हेतुले **'महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा आदिवासी महिलाको अर्थपूर्ण संलग्नताको लागि क्रमबद्ध निर्देशिका'** प्रकाशन गरेका छौं ।

यस निर्देशिका प्रकाशनमा आर्थिक सहयोग उपलब्ध गराउने साझेदार संस्था लाई आभार प्रकट गर्दछु । साथै, छोटो समयमै यस निर्देशिका तयारीलाई साकार रुप दिनु भएकोमा समाजशास्त्री डा. कृष्ण बहादुर भट्टचनलाई आभार प्रकट गर्दछु ।

यस प्रकाशनले नेपालका आदिवासी जनजाति महिलालाई सिडबारे बुझ्न र बुझाउन सहयोग दिनेछ भन्ने अपेक्षा राखेको छु ।

| | |
|---|---|
| सुनी लामा | चिनी माया माझी |
| अध्यक्ष | अध्यक्ष |
| राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |

# स्टेप-१

# महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड) को सम्बन्धमा प्रारम्भीक जानकारी हासिल गर्ने

१. सबैभन्दा पहिला आदिवासी महिलाहरु नश्लीय, लैंगिक, भाषिक, सांस्कृतिक, संरचनागत लगायतका विभिन्न प्रकारका बहुल विभेद तथा हिंसामा पारिएका छन् भन्ने बारेमा आफूले महशुस गर्नु पर्‍यो ।

२. महिलाका सम्बन्धमा महिलाको अधिकार के छ र महिला भित्र आदिवासी महिलाको अधिकार के छ भनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेको अधिकारका बारेमा चासो राख्न र खोजीनीति गर्न पर्‍यो ।

२. महिला बिरुद्ध हुने सबै प्रकारका भेदेभाव उन्मूलन गर्ने महासन्धी अर्थात सिड महिलाको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासभाद्वारा ३ पौष २०३६ (१८ डिसेम्बर १९७९) मा नं ३४/१८० को प्रस्ताव पारित भई हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरे पछि १८ भाद्र २०३८ (३ सेप्टेम्बर १९८१) देखि लागू भएको हो । मा बनाएको बाध्यात्मक अन्तराष्ट्रिय कानून हो भन्ने थाहा पाउन पर्‍यो । यो सिडलाई नेपालले पक्ष राज्यको रुपमा २२ माघ २०४७ (५ फेबुअरी १९९१) मा हस्ताक्षर गरी ९ बैशाख २०४८ (२२ अप्रिल १९९१) मा निशर्त अनुमोदन गरेको हो ।

३. सिडको कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघले सिडको लागि ईच्छाधिन आलेख (Optional Protocol to the Convention on the Elimination of All Forms of Discrimination against Women) लाई संयुक्त राष्ट्रसंघको महासभाद्वारा ६ अक्टोबर १९९९ मा पारित गरि २२ डिसेमबर २००० देखि लागूभएपछि यस्लाई नेपालले १ आषाढ २०६४ (१५ जुन २००७)मा अनुमोदन गरेको थियो ।

४. सिड अर्थात अंग्रेजीमा CEDAW र सिड अर्थात अंग्रेजीमा CEDAW विचको फरक थाहा हुनपर्‍यो । पहिलो सिड अर्थात अंग्रेजीमा CEDAW भनेको महिला बिरुद्ध हुने सबै प्रकारका भेद्भाव उन्मूलन गर्ने महासन्धी अर्थात Convention on the Elimination of All Forms या Discrimination Against Women हो भने दोश्रो सिड अर्थात अंग्रेजीमा CEDAW भनेको महिला बिरुद्ध हुने भेद्भाव उन्मूलन गर्ने समिति अर्थात Committee on the Elimination या Discrimination Against Women हो । सिड महासन्धी संयुक्त राष्ट्रसंघको सन्धी निकाय (Treaty Body) अन्तर्गतको हो,

राजनीतिक निकाय अन्तर्गत होईन ।

५. सिडलाई एक दशक अघि सम्म विश्वको सन्दर्भमा गोरा महिलालाई केन्द्रमा राखेर गोरा महिलाहरुले व्याख्या तथा जनवकालत गर्ने गरेको तथा नेपालको सन्दर्भमा हिन्दू बाहुन क्षेत्री महिलालाई केन्द्रमा राखेर हिन्दू बाहुन क्षेत्री महिलाले महिला भनेको सबै एउटै हो, महिला विच भिन्नताको कुरा गर्नु हुंदैन भनेर भेद्भावपूर्ण कार्य गर्दै आएको र सिड-समितिले पनि तदनुरुप व्याख्या गर्ने गरेकोमा हालै आएर महिला मध्ये आदिवासी महिला, भिन्न यौनिक अभिमुखिकरण भएका महिला, अपांगता भएका महिला लगायतको सवालहरु पनि सिड महासन्धीले समेटेको व्याख्या तथा अर्थ लगाउने काम भएको छ ।

६. सिडको सम्बन्धमा जानकारी निम्न तहमा निम्न तरिकाले हासिल गर्न सकिन्छः

६.१ व्यक्तिगत तहमा गर्ने काम

- महिला अधिकारवादी तथा आदिवासी महिलाका विभिन्न संघ संस्थामा प्रत्यक्ष भेटेर वा फोन वा फेसबुक मेसेञ्जरमा सम्पर्क गर्ने
- सम्बन्धीत नेतृ वा पदाधिकारी वा कर्मचारी सँग प्रत्यक्ष भेटेर वा फोन वा फेसबुक मेसेञ्जरमा सोध्ने
- सिड सम्बन्धी पर्चा, पम्पलेट, पुस्तिका, तथा पुस्तक खोजेर अध्ययन गर्ने
- सिड सम्बन्धी अडियो खोजेर सुन्ने
- सिड सम्बन्धी भिडियो, बृत्तचित्र खोजेर हेर्ने
- गुगल तथा युट्युबमा सिड सम्बन्धी सामग्री खोजेर अध्ययन गर्ने, हेर्ने ।

६.२. संस्थागत तहमा गर्ने काम

- आदिवासी महिलाका संघ संस्था वा महिलाका संघ संस्था वा महिलाको मानव अधिकारमा कार्यरत गैससका सिडका बिज्ञहरुलाई संस्थामा वा संस्थाले आयोजना गर्ने कार्यक्रममा निम्त्याएर संस्थाका पदाधिकारी, कर्मचारी लगायतले सिडको सम्बन्धमा सचेतना बढाउने ।

# स्टेप-२
# सिडका प्रावधानहरुबारे जानकारी राख्ने

## १. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि

१८ डिसेम्बर १९७९ मा महासभाद्धारा पारित प्रस्ताव ३४/१८० बमोजिम ग्रहण गरी हस्ताक्षर, अनुमोदन तथा सम्मिलनकोलागि खुला गरिएको थियो । अनुमोदन तथा सम्मिलनकोलागि खुला गरिएको लागू भएको मितिअनुसार, ३ सेप्टेम्बर १९८१ तद अनुसार १८ भाद्र २०३८ हो ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड) नेपालले २२ अप्रिल १९९१ तद अनुसार ५ चैत २०४८ मा अनुमोदन गरेको थियो ।

## २. परिभाषा

भाग १ धारा १"यस महासन्धिको प्रयोजनको लागि, "महिला विरुद्धको भेदभाव" भन्नाले पुरुष र महिलाहरुको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिला बीच समानताका आधारमा महिलाहरुद्धारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिवन्ध सम्भनुपर्छ ।"

## ३. सिडका अन्तरसम्बन्धित सिद्धान्तहरु

१. सारभुत समानताको सिद्धान्त: कागजी अर्थात औपचारिक समानता र संरक्षणको सिद्धान्तले सारभुत समानता ल्याउँदैन ।
२. अविभेदको सिद्धान्त
   सिड-महासन्धिले १. प्रत्यक्ष विभेद, २. अप्रत्यक्ष विभेद, र ३. बहुल विभेदहरुलाई निषेध गरेको छ ।
३. कर्तव्यपालकको सिद्धान्त: राज्यको दायित्व कर्तव्य पालना गर्ने हो ।

## ४. सिड-महासन्धीले समेटेका विषयवस्तुहरु

सिड-महासन्धि ६ भाग तथा २० धारामा बांडिएको छ । यि २० धाराले निम्न ३ वटा

विषयबस्तु समेटेको छ:

पहिलो, धारा १ देखि ५ ले महिला महासन्धिका सिद्धान्त तथा नीतिगत अर्थात सैद्धान्तिक पक्ष, जस्तै समानता, अविभेद, तथा राज्यको दायित्व सिद्धान्त र लैङ्गिक पूर्वाग्रही भूमिका परिवर्तन बारे छ ।

दोश्रो, धारा ६ देखि १६ ले समग्र महिलाको अधिकारहरू सुनिश्चित गरेको छ ।

तेश्रो, धारा १७ देखि ३० ले यो महासन्धिको कार्यान्वयनका लागि आवश्यक कार्यविधि प्रष्ट गरेको छ ।

समग्र महिलाको अधिकारहरू सुनिश्चित गर्ने धारा ६ देखि १६ यस प्रकार छन्:

धारा ६: बेचबिखन तथा शोषणविरुद्धको अधिकार
धारा७: सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार
धारा ८: अन्तराष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार
धारा ९: राष्ट्रियतासम्बन्धी अधिकार
धारा १०: शिक्षासम्बन्धी अधिकार
धारा ११: रोजगारीको अधिकार
धारा १२: स्वास्थ्यसम्बन्धी अधिकार
धारा १३: आर्थिक तथा पारिवारिक लाभको अधिकार
धारा १४: ग्रामीण महिलाको अधिकार
धारा १५: कानुनी समानताको अधिकार
धारा १६: विवाह तथा पारिवारिक सम्बन्धको अधिकार

यि सबै महिला अधिकारहरु लैंगिक दृष्टिकोणबाट निर्माण गरिएको हो । यो महसन्धी आदिवासीहरु संग परामर्श गरेर तथा अदिवासीको स्वतन्त्र अग्रिम जानकारी सहितका मञ्जुरी लिएर बनाइएको होइन । १९८९ को आईएलको महासन्धी नं १६९ तथा २००७ को यूएनड्रिप भन्दा अघिनैसिड आएको सिड-मा आदिवासी महिलाको अधिकार, बिशेष गरेर सामुहिक अधिकार प्रत्यक्षरुपमा नसमेटिए पनि सिड-समितिले निष्कर्ष अवलोकन तथा सुझाव तथा आधारभुत सुझावलगायतमा आदिवासी महिलाको आत्मनिर्णयलगायतका सामुहिक अधिकारहरु समेटेर व्याख्या तथा प्रष्ट पार्ने काम गर्दै आएको छ ।

# स्टेप-३
## सिडको इच्छाधिन आलेखका प्रावधानहरुबारे जानकारी राख्ने

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)को लागि (Optional Protocol to the Convention on the Elimination of All Forms of Discrimination against Women) इच्छाधिन आलेख संयुक्त राष्ट्रसंघ महासभाद्वारा अक्टोबर ६, १९९९ मा पारित गरिएको थियो भने नेपालले धारा ८ र ९ लाई आरक्षण गरेकोले जुन १५, २००७ मा यसलाई शर्त सहित अनुमोदन गरेको हो ।

सिड-महासन्धिको इच्छाधिन आलेख सिड-महासन्धि अन्तर्गतको छुट्टै महासन्धि हो ।

सिड-महासन्धिलाई अनुमोदन गरिसकेका नेपाल लगायतका पक्ष राज्यहरू मात्र यस इच्छाधिन आलेखको पक्ष बन्न पाउने भएकोले नेपालले आलेख अन्तर्गतको दायित्वमा बाँधिन यसको छुट्टै अनुमोदन गर्नुपर्ने भए अनुसार अनुमोदन गरेको हो ।

इच्छाधिन आलेखले कुनै थप अधिकार सिर्जना गर्दैन ।

इच्छाधिन आलेखले प्रदान गरेका अधिकारहरूको उल्लंघनमा त्यसलाई सम्बोधन गर्ने वा उपचार प्रदान गर्ने कार्यविधिहरू मात्र प्रदान गर्दछ ।

इच्छाधिन आलेखले दुई कार्यविधिहरू मार्फत महिलालाई अन्तर्राष्ट्रिय तहमा न्यायको पहुँचको सिर्जना गर्दछ ।

इच्छाधीन आलेखले ती अधिकारहरुको उल्लघंनमा राष्ट्रिय तहमा उपचार नपाएको खण्डमा अन्तर्राष्ट्रिय तहमा उपचार प्रदान गर्ने बाटो प्रदान गर्दछ ।

इच्छाधीन आलेख महिलाका मानव अधिकारहरुको उल्लघंनमा अन्तर्राष्ट्रिय स्तरमा उजुरी गर्ने र न्याय प्रदान गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो ।

इच्छाधिन आलेखले व्यक्तिगत सूचना र जाँचबुझ प्रक्रिया गरी दुई कार्यविधिहरूको व्यवस्था गरेको छ ।

सिड-महासन्धिको इच्छाधिन आलेखमा २१ वटा धाराहरु छन् ।

धारा १. राज्य पक्ष र सिड/समिति सञ्चारको आधरिक निकाय

धारा २. सिड-महासन्धीले दिएको अधिकार हननका सम्बन्धमा व्यक्ति(हरु) वा व्यक्तिहरुको समुह(हरू)ले वा उनीहरुको तर्फबाट उजुरी बुझाउन सक्ने ।

धारा ३. सञ्चार लिखतमा हुनुपर्ने, बेनामी हुन नहुने ।

धारा ४. राज्य भित्र उपचारका उपाय सकिए पछि सञ्चार गर्न सकिने तर यो आधारहिन हुन नहुने ।

धारा ५. पिडितलाई थप नोक्सान नपरोस भनी सिड/समितिले राज्य पक्षलाई तत्काल अनुरोध गर्न सक्ने ।

धारा ६. सिड-समितिले उजुरीकर्ताले नै नाम सार्वजनिक गर्न नभनेसम्म गोप्य राख्नेछ ।

धारा ७. सिड-समितिले बन्द बैठकमा छलफल गरि सम्बन्धीत सबै पक्षलााई सुझाव दिन्छ र ती पक्षले ६ महिना भित्रमा लिखित उत्तर दिन्छ ।

धारा ८. महासन्धिका अधिकारको उल्लंघन चर्को वा पद्धतीगत भए सिड-समितिले जाँचबुझ गर्दछ ।

धारा ९ राज्य पक्षले जाँचबुझको विषयसम्बन्धमा लिएका उपायवारे सिड-समितिमा प्रतिवेदन बुझाउन भन्न सक्छ ।

धारा १०. सिड-महासन्धिले आलेख अनुमोदन गर्ने बेलामै सिड-समिति जाँचबुझगर्न योग्य छैन भने धारा ८ तथा ९ लाई पहिचान गर्दैनौ भन्न सक्ने ।

धारा ११. सिड-समितिको क्षेत्रधिकारभित्रको व्यक्तिलाई राज्य पक्षले दूर्व्यवहार वा तर्साउने काम गर्न हुंदैन ।

धारा १२. सिड-समितिले बार्षिक प्रतिवेदन तयार गर्ने ।

धारा १३. राज्य पक्षले सिड महासन्धि तथा इच्छाधिन आलेख र सुझावहरुको वयापक प्रचार प्रसार गर्न पर्ने ।

धारा १४. सिड(समितिले आफनो नियम तथा प्रकृया बनाउने ।

धारा १५. सिड-इच्छाधिन आलेख सिड-महासन्धी अनुमोदन गरिसेकेको राज्यकोलागि हस्ताक्षर गर्न खुला ।

धारा १६. अनुमोदनको कागजात संयुक्त राष्ट्रसंघको महासचिवलाई बुझाएको ३ महिना पछि देखि सिडको ईच्छाधिन आलेख कार्यान्वयनमा जाने ।

धारा १७. बर्तमान आलेखलाई शर्त सहित reservations गर्न अनुमती नभएको ।

धारा १८. सिडको ईच्छाधिन आलेखमा संशोधन गर्न राज्य पक्षले पैस्ताव राख्न सक्ने ।

धारा १९. राज्य पक्षले सिडको ईच्छाधिन आलेखको अनुमोदन फिर्ता लिन सक्ने ।

धारा २०.संयुक्त राष्ट्रसंघको महासचिवलाई अनुमोदन र कार्यान्वयनको जानकारी दिनु पर्ने ।

धारा २१. वर्तमान आलेख अरबी, चाईनजि, अंग्रेजी, फ्रेन्च, रसियन तथा स्पेनी भाषामा बनाइएको ।

## स्टेप-४
## महिलाविरुद्ध भेदभाव उन्मूलन समिति वारे जानकारी राख्ने

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)को कार्यान्वयनको अनुगमन गर्न तथा महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)कोलागि इच्छाधिन आलेख बमोजिम गर्ने जिम्मेवारी “महिला विरुद्ध भेदभाव उन्मूलन समिति” रहेको छ जसलाई छोटकरीमा महिला महासन्धि समिति (सिड) भनिन्छ ।

यो समितिमा २३ जना सदस्य हुन्छ जो पक्ष राज्यले आ-आफ्नो नागरिकमनोनित गर्न सक्दछ, तर निर्वाचित भएपछि स्वतन्त्र हैसियतमा कार्य गर्दछ । यो समितिमा नेपालबाट महिला अधिकार नेतृ बन्दना राणा वर्तमान सिड-समितिको सदस्य १६ पौष २०८१ ( ३१ डिसेम्बर २०२४) सम्मका लागि हुनुहुन्छ । वहाँ यस अधिको कार्यकालमा पनि सदस्य तथा उपाध्यक्ष समेत हुनुहुन्थ्यो ।

वर्तमान सिड-समितिको अध्यक्ष ग्लाडिस अकोष्टा भर्गस (Gladys Acosta Varga)पेरुको आदिवासी महिला हुनुहुन्छ । वहाँको कार्यकाल १६ पौष २०७९ (३१ डिसेम्बर २०२२) सम्म छ ।

सिड-समितिकमे सदस्यहरुको विवरणको लीग यसमा क्लीक गर्नुहोस् https://www.ohchr.org/en/treaty-bodies/cedaw/membership

समितिको मुख्य जिम्मेवारी पक्ष राज्यले पेश गर्ने आवधिक प्रतिवेदन अध्धयन तथा सार्वजनिक रुपमा छलफल गरि समिक्षा मार्फत महासन्धि अन्तर्गतको दायित्व पक्ष राज्यले पालना गरे/नगरेको परीक्षण गर्ने तथा सुझाव दिने कार्य गर्दछ, तर यो सुझाबको कार्यान्वयन पक्ष राज्यलाई बाध्यात्मक नहुने भएकोले सम्बाद गर्न सहजीकरण

गर्दछ। समितिले पक्ष राज्यसँग प्रश्नहरुको सुची पठाएर तथा पत्राचार मार्फत महासन्धिको कार्यान्वयन तथा महिला विरुद्ध हुने भेद्भावको वस्तुस्थितिबारे आवश्यक जानकारी लिने कार्य गर्दछ। महासन्धि कार्यान्वयन नभएको वा अधिकारहरु महिलाको मानव अधिकार उल्लंघन भएमा पक्ष राज्यलाई आवश्यक कारवाही गर्न सुझावहरु दिने गर्दछ तथा समितिको सुझाव बमोजिम कारवाही गरिएको सम्बन्धमा ६ महिनाभित्र समितिलाई पक्ष राज्यले लिखित जवाफ पठाउन पर्दछ। समितिले महिला तथा राज्य पक्ष बिच निरन्तर सम्बाद गर्ने वातवारण मिलाउने कार्य गर्दछ।

नेपालले इच्छाधिन आलेख पारित गरी लागू गरिसकेकोले सिडले इच्छाधिन आलेख अन्तर्गत पर्न आउने उजुरी समेत हेर्ने र सुझाव दिने कार्य गर्दछ।

सिड अर्थात समितिमा २३ जनाको कामको बांडफांड के कस्तो छ र उनीहरुमध्ये कोहि नेपालको छ वा छैन, तथा उनीहरु मध्ये को आदिवासी हो थाहा पाउनु अर्थपूर्ण हुन्छ।

समितिको सदस्य मध्ये को कस्लाई आदिवासी सवालवारे ध्यान केन्द्रित गर्ने जिम्मेवार दिएको छ थाहा पाउन पर्दछ। यस्को लागि नेपालबाट सदस्य छ भने वहाँसंग कुराकानी गरि थाहा पाउन सकिन्छ।

## स्टेप-५
## प्रतिवेदनसम्बन्धी संयन्त्रवारे जानकारी राख्ने र उपयोग गर्ने

पक्ष राज्यले प्रतिवेदन पेश गर्नुपर्ने प्रक्रिया महासन्धि कार्यान्वयन गर्न राज्यलाई उत्तरदायी बनाउने महत्वपूर्ण संयन्त्र हो। नेपाल लगायत सिड-महासन्धी अनुमोदन गरिसकेको पक्ष राज्यले महासन्धिले तोकेको दायित्व पालन गरे नगरेको सम्बन्धमा सिड-समितिलाई नियमतिरुपमा प्रतिवेदनहरू पेश गर्ने भएकोले प्रतिवेदन सम्बन्धी संयन्त्रका सम्बन्धमा जानकारी राख्नु पर्दछ।

नेपालले पक्ष राज्यको हैसियतमा समक्ष प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरू पेश गर्नु पर्दछ।

प्रारम्भिक प्रतिवेदन भनेको पक्ष राज्यले सिड-समितिलाई सिड-महासन्धि अनुमोदन गरेको १ वर्षभित्र प्रस्तुत गरेको प्रतिवेदन हो।

नेपाल पक्ष राज्यले यो प्रारम्भिक प्रतिवेदन पेश गरेको ४ वर्षपछि ४/४ वर्षमा समिति समक्ष आवधिक प्रतिवेदन प्रस्तुत गर्ने दायित्व हुन्छ तर समयमा प्रस्तुत गर्न नसके संयुक्त प्रतिवेदन बुझाउन सक्दछ। नेपालले चौथो र पाँचौ संयुक्त प्रतिवेदन र पछिल्लो छैठौ आवधिक प्रतिवेदन सन् २०१८ मा बुझाएको थियो।

पक्ष राज्यले प्रस्तुत गर्ने प्रतिवेदनको आधारमा समितिले पक्ष राज्यहरूले महासन्धि अन्तर्गतको दायित्व पालन गरे/नगरेको मूल्यांकन गर्दछ।

पक्ष राज्यले प्रतिवेदन बनाउंदा आदिवासी महिलाहरुकोअर्थपूर्ण प्रतिनिधत्व, सहभागिता तथा परामर्श नगरिकनै र आदिवासी महिलाहरुसंग बाट स्वतन्त्र, अगिैम जाकारी सहितको मञ्जुरी प्राप्त नगरिकनै वा कथित मूल प्रबाहको महिला वा गैर आदिवासी महिला मात्रको प्रतिनिधित्व, तथा सहभागिताबाट वा उपनिवेशवादी मानसिकता भएको आदिवासी महिला वा आदिवासी पुरुषको प्रतिनिधित्व तथा सहभागितामा बनाएर पेश गरेको प्रतिवेदनमा आदिवासी महिला अधिकारको अवस्था सही रुपमा उल्लेख नभएमा गैरसरकारी संस्थाहरूको तर्फबाट वास्तविक स्थिति दर्शाउन छायाँ प्रतिवेदन तयार पार्ने प्रचलन भए अनुसार आदिवासी महिलाले वा आदिवासी महिलाको तर्फबाट छायाँ प्रतिवेदन तयार गरेर सिड-समितिलाई तोकिएको समय भित्रमा बुझाउनु पर्दछ।

## स्टेप-६
## व्यक्तिगत सूचना कार्यविधिवारे जानकारी राख्ने र उपयोग गर्ने

व्यक्तिगत सूचना कार्यविधिले व्यक्ति वा व्यक्तिहरूको समूहलाई महिला महासन्धिले प्रदान गरेको अधिकारको उल्लंघनको घटनामा महिला महासधि समिति समक्ष उजुरी गर्न सक्दछ(न्)।

सर्बोच्च आदलतलगायतका नेपालको अदालतमा न्यायको पहल महिला महासन्धिद्वारा प्रदत्त अधिकारको उल्लंघन पीडित व्यक्ति वा समूह वा उनीहरुको तर्फबाट उनीहरुको मन्जुरीले गैरसरकारी संस्था वा अन्य कसैले उजुर गर्न सक्दछ(न्)।

नेपालको अदालतबाट न्याय नपाएमा/न्याय अपर्याप्त भएमा/न्याय दिन अनावश्यक ढिलाई भएम सिड-समितिमा उजुरी गर्न सकिन्छ।

## स्टेप-७
## जाँचबुझ कार्यविधि बारे जानकारी राख्ने र उपयोग गर्ने

जाँचबुझ कार्यविधिले सिड-समितिलाई आफ्नै पहलमा भरपर्दो सूचनाको आधारमा सिड-महासन्धिले प्रदान गरेको महिला अधिकारको कुनै गम्भीर वा चरणबद्ध उल्लंघनको अवस्थामा जाँचबुझ गर्ने अधकार पैदान गर्दछ। "गम्भीर उल्लंघन" भन्नाले महिला अधिकारको उल्लंघनबाट महिलाको जीवन, शरीर वा व्यक्तित्वमा गम्भीर असर पार्ने घटना हो भने "चरणवद्ध उल्लंघन" भनेको व्यापक रुपमा गरिएको वा योजना/ नीतिको विद्यमानता वा अभावले हुने महिला अधिकारको उल्लंघन होसाथै, विश्वसनीय सूचनाको आधारमा वा आफ्नै पहलमा कारवाही सुरु गर्ने अधिकार पनि हुन्छ। पक्ष राज्यलाई आवश्यक कारवाही गर्न सुझावहरु दिने समितिको सुझावबमोजिम कारवाही गरिएको सम्बन्धमा ६ महिनाभित्र सिड-समितिलाई पक्ष राज्यले लिखित जवाफ पठाउने गर्दछ।

## स्टेप ८. उजुरी गर्ने कार्यविधिवारे जानकारी राख्ने

- पीडित व्यक्ति(हरू) वा व्यक्तिहरूको समूह(हरू) आफैले वा उनीहरूको मन्जुरीले उनीहरूको तर्फबाट अन्य व्यक्ति(हरू) वा व्यक्तिहरूको समूह(हरू)ले उजुरी सिड-समितिमा गर्न सक्दछ।
- इच्छाधिन आलेखलाई अनुमोदन गर्ने पक्ष राज्यको नागरिकहरूले महिला अधिकार संरक्षण र सम्बर्द्धनको लागि यसको प्रयोग गर्न सक्दछ।
- सिड-समिति इच्छाधिन आलेखअन्तर्गतको अधिकार उल्लंघनको उजुरीमात्र हेर्दछ।
- उजुरी लाग्ने घटना यदि पक्ष राज्य इच्छाधिन आलेखको पक्ष बन्नु अगावै नै घटेको भए वा त्यस्तो घटना पक्ष बनेपछि निरन्तर जारी नभएको स्थितिमा उजुरी लाग्दैन।
- उजुरी लिखित तथा आफूले दिने विवरणहरू सत्य तथ्यमा आधारत तथा पुष्टि हुन सक्ने हुनुपर्दछ।
- उजुरीमा उजुरी कर्ता(हरू)को बास्तविक नाम दिएको हुनु पर्दछ। सिड(समितिमा बेनामी उजुरी स्वीकार गर्दैन।

- कुनै व्यक्तिले उजुरी गरेको आधारमा कसैले उसलाई दुर्व्यवहार वा त्रसित पार्ने छैन भनी सुनिश्चित गर्न पक्ष राज्यले नै आवश्यक पर्ने सबै व्यवस्थाहरू गर्नुपर्दछ ।

## स्टेप-९
## सिडका सम्बन्धमा आदिवासी महिलाका संघ संस्थालगायतका गैरसरकारी संस्था वा नागरिक समाजले गर्ने रिपोर्टिंगको कमबद्ध कदमहरुको चक

### १. राज्य पक्ष नेपालले आफ्नो आवधिक प्रतिवेदन तयार गरेर सिड(समितिलाई बुझाउंछ

आवधिक प्रतिवेदन तयार गर्न नेपाल सरकारले महिला, बालिबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहसचिवको संयोजनमा सम्बन्धीत मन्त्रालय तथा निकायहरुको प्रतिनिधित्वमा बहुलक्षेत्र सिड प्रतिवेदन समन्वय समिति (Multi-sectoral CEDAW Reporting Coordination Committee (CRCC) बनाउँछ । आदिवासी महिलाको आधिकारिक प्रतिनिधीमूलक संस्थाहरुले उक्त समन्वय समितिमा आदिवासी महिलाको प्रतिनिधित्व नभए प्रतिनिधित्वको लागी दवाव दिनूपर्दर्छ ।

यो समितिले निम्न कार्यहरु गरेको बेला आदिवासी महिलाहरुले सुझाव वा दवाव दिन पर्ने हुन्छः

- प्रतिवेदन तयारीको कार्ययोजना बनाएको बेला समन्वय समितिमा आदिवासी वा आदिवासी महिला सदस्य भए वा नभए समन्वय समितिको संयोजक संग भेटेर दवाव दिन पर्ने हुन्छ ।
- सरकारका विभिन्न निकायहरु, नागरिक समाज (आदिवासी, आदिवासी महिलालगायत तथा अन्तरकृया तथा छलफलबाट आवश्यक सूचना, जानकारी तथा सत्य तथ्य तथा तथ्याकंहरु जम्मा गरेर विश्लेषण गर्दछ । संयुक्त राष्ट्र संघमा आदिवासीलाई गैरसरकारी संस्था अन्तर्गत राखे पनि आजकल, आदिवासी राज्य, आदिवासी सरकार, आदिवासी राष्ट्र भनेर फरक हैसियतमा व्यवहार हुन थालेका छ ।
  - नागरिक समाजसंग अन्तरकृया वा छलफल गर्दा आदिवासीको संघ संस्थाको प्रतिनिधी वा विज्ञहरुलाई बोलाउने गर्दछ तर यसरी बलोउंदा सरकारको विचारसंग सकारात्मक भएका आदिवासी महिला तथा पुरुषलाई बोलाएर आदिवासी, आदिवासी महिलासंग छलफलगरेर बनाएको भनेर प्रतिवेदनमा आदिवासी महिलाको अधिकार

उल्लंघनको वारेमा महत्वको कुनै सुचना, जानकारी वा तथ्य तथ्यांक नराखी दुरुपयोग गरेको पाईन्छ । त्यसैले, संघ संस्थाले त्यस्तो अन्तरकृयामा आदिवासी महिलाका वारेमा राम्रो जानकारी तथा विचार राख्न सक्नेलाई पठाउयन पर्दछ । सके सम्म त्यहाँ पनि लिखित तथा मौखिकरुपमा माग तथा सुझावहरु दिनु उपयुक्त हुन्छ र यस्तो गर्नको लीग त्यहां सहभागिहुनु अघि आदिवासी महिलाहरुले सामुहिक छलफलगरी राम्रो तयारी गरेर जान पर्ने हुन्छ ।

- मस्यौदा प्रतिवेदनमा सरोकारवालाहरुसंग व्यापकरुपमा छलफल गरेर सुधार तथा परिमार्जनगर्नका लागि सुझावहरु संकलन गर्दछ । समन्य समितिलाई आदिवासी महिलाहरु सरोकारवाला नभएर अधिकारवाला भएकोले सोहि अनुसार छलफल गर्न दवाव दिन पर्दछ ।

- महिला, बालिबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, कानन्, न्याय तथा संसदीय मन्त्रालय, राष्ट्रिय महिला आयोग, तथा राष्ट्रिय मानव अधिकार आयोगसंग परामर्श गरेर प्रतिवेदनलाई अन्तिमरुप दिन्छ । यसो गर्दा राष्ट्रिय आदिवासी जनजाति आयोग तथा राष्ट्रिय थारु आयोगसंग परामर्श गरे नगरेको यकिन गर्न पर्दछ । नगरे गर्न दवाव दिने र गरे अयोगले आदिवासी महिलाको आधिकारिक संस्थाको प्रतिनिधीहरु र विज्ञसँग छलपल गरेर सोहि बमोजिमको परामर्श दिन पर्दछ, राजतिनक दल वा सरकारले चाहे अनुसार आदिवासी महिलालाई नकारत्मक असर पर्ने गरि भने होईन ।

- प्रधानमन्त्रीको कार्यालयमा रहेको संयन्त्रले प्रतिवेदनका सबै प्रकृया तथा विषयवस्तुको परिक्षण गरपछिमात्र मन्त्रि परिषदले प्रतिवेदन बुझाउंन स्विकृती प्रदान गरिसकेपछि मात्र सरकारले सिड-समितिलाई प्रतिवेदन बुझाउंछ । यसरी बुझाएको प्रतिवेदन आदिवासी महिलासा संघ संस्था तथा विज्ञहरुले के समेटियो के समेटिएन, के जानकारी तथा तथ्यांक गलत छ, के सही छ ती सबै केलाउन गहिरो अध्ययन गर्न पर्दछ र यस्लाई आदवासी महिलाको छाँया प्रतिवेदनमा उल्लेख गर्न पर्दछ । जो केहि आदिवासीले उक्त प्रतिवेदन अध्ययन गरेको भए सो सम्बन्धमा लिखित वा मौखिक सुझाव तथा जानकारी आदिवासी महिलाको आधिकारिक संघ संस्थाहरुलाई दिनु उपयुक्त हुन्छ ।

- आवधिक प्रतिवेदनमा दुई खण्ड हुन्छ । -

- एउटा सामान्य (साझा) (कमन) आधारभुत दस्तावेज जस्मा सिडको लागि राजनितिक, सामीजक, साँस्कृतिक आर्थिक तथा कानूनीलगायतका सम्बन्धमा सान्दर्भिक सामान्य र तथ्यगत जानकारी हुन्छ ।
- अर्को खण्ड महासन्धिमा आधारित हुन्छ जस्मा सिडको धारा धाराको कार्यान्वयनको अवस्थावारे जानकारी दिन्छ ।
- यदि राज्य पक्षले समयमा प्रतिवेदन बुझाउन नसकेको खण्डमा सिडले बढिमा २५ प्रश्नहरु राज्य पक्षलाई प्रतिवेदन तयार गर्नु अघि पठाएर प्रतिवेदनको प्रकृयालाई सरलीकृत गर्दछ ।
- राज्य पक्षले सिडको कार्यान्वयनका सम्बन्धमा संवैधानिक र कानूनी खाका तथा अपनाईएको कानूनी र व्यवहारिक उपायहरुलाई समेटेर प्रारम्भीक प्रतिवेदन पनि बुझाउन सक्दछ ।

२. उक्त प्रतिवेदनले उठाएको चासोहरुको सम्बन्धमा मुद्दा वा सवालहरुको सुची र प्रश्नहरु ट्रिटी बडिले राज्य पक्षलाई प्रस्तुत गर्दछ

- यो बेला संयुक्त राष्ट्रसंघको पद्धती, राष्ट्रिय मानव अधिकारका संस्थाहरु र गैससले ईनपुट दिने अवसर पाउंछ ।

३. राज्य पक्ष नेपालले उपरोक्त मुद्दा वा सवालहरुको सुची र प्रश्नहरुको उत्तर लिखितमा बुझाउन सक्दछ ।

४. शत्रको बेला सिड कमिटि र राज्य पक्ष नेपाल बिच सकारात्मक सम्बाद हुन्छ ।

- यो बेला संयुक्त राष्ट्रसंघको पद्धती, राष्ट्रिय मानव अधिकारका संस्थाहरु र गैससले ईनपुट दिने अवसर पाउंछ ।

५. सन्धि निकायले सुझाबहरु समेतको निष्कर्ष अवलोकन जारी गर्दछ ।

६ सन्धि निकायको सुझाबहरु कार्यान्वयनको अनुगमन अर्थात फलो अप गर्ने प्रकृयाहरु

- यो बेला संयुक्त राष्ट्रंघको पद्धती, राष्ट्रिय मानव अधिकारका संस्थाहरु र गैससले ईनपुट दिने अवसर पाउंछ ।

## स्टेप-१०

## आदिवासी महिला लगायतका आदिवासीको संघ संस्थाले छायाँ वा बैकल्पीक प्रतिवेदन तयार गरी बुझाउने प्रकृया, तयारी तथा काम

१. आदिवासी महिला लगायतका आदिवासीहरुलाई संयुक्त राष्ट्रसंघमा आदिवासी राज्य, आदिवासी सरकार, आदिवासी राष्ट्र आदि भने पनि औपचारिकरुपमा गैरसरकारी संस्था सरह रहेको अवस्था भएकोले आदिवासी महिलाका संघ संस्थाहरुले सिडलाई बुझाउने छाँया वा बैकल्पिक प्रतिवेदन गैससकै हैसियतमा बुझाउने अवस्था छ ।

२. ईन्टरनेशनल उमेन्स राईट्स एक्शन वाच (ईरं) (International Women's Rights Action Watch (IWRAW)) ले यो प्रकृयालाई दुई भाग भएको उल्लेख गरेको छ ।

भाग १: पहिलो भाग छाँया वा बैकल्पीक प्रतिवेदनको तयारी सम्बन्धमा हो र यस्को चार वटा स्टेप पहिचान गरेको छ ।

१. समन्वयात्मक प्रयासबाट प्राथमिकताहरुको पहिचान: नेपालका आदिवासी महिलाहरुको मूख्य मुद्दा वा सवालहरु के के हुन?

२. उक्त मुद्दा वा सवालहरुका सम्बन्धमा सान्दर्भिक जानकारी संकलन र बिश्लेषण गर्ने

३. छायाँ वा बैकल्पीक प्रतिवेदन तयार गर्ने

छायाँ प्रतिवेदन तयार गर्दा देहायका प्रश्नहरुसँग सम्बन्धीत जानकारीहरु समावेश गरेको हुनु पर्दछ ।

(१) आफ्नो देशको मानव अधिकारको अवस्थाकाबारेमा जानकारी
(२) आफ्नो देशको महिला सम्बन्धी सरोकारका विषयहरु तथा समस्याहरुकाबारेमा के के छन् ?
(३) यी पहिचान गरिएका विषयहरुलाई सम्बोधन गर्न महासन्धीका कुन धाराहरुले प्रयोग गर्न सकिन्छ ?
(४) यी विषयहरुलाई राज्य पक्षले प्रस्तुत गरेको प्रतिवेदनमा समावेश गरेको छ छैनन्? यस्ता समस्याका गहिराई, प्रभावहरु कारकतत्वहरु जस्ता कुराहरु
(५) समस्या समाधानका लागि राज्य पक्षले गरेका साधन श्रोत विनियोजनको अवस्था

(६) आमचेतनाका कार्यक्रम कस्तो छ ?

(७) संस्थागत संरचनाको अवस्था कस्तो छ ?

(८) समितिले दिएको पछिल्लो निष्कर्ष सुझावको कार्यन्वयनका लागि सरकारले के कस्ता कार्यहरु सम्पन्न गरे ?

(९) यस्ता काम कारवाहीमा राज्यले गैर सरकारी संस्थाहरुलाई कसरी समावेश गऱ्यो वा गराएनन् ?

(१०) सरकारले गैरसरकारी संस्थाहरुलाई उत्तरदायी बनाई बेइजिङ्ग कार्ययोजना गर्न संस्थागत संरचना निर्माण गर्ने कार्य गऱ्यो गरेनन् ?

४. छाँया वा बैकल्पीक प्रतिवेदनलाई सिडको पूर्व-शत्र (प्रिसेशन्) तथा सिडको शत्रमा प्रचार प्रसार र उपयोग गर्ने

**भाग २.** छाँया वा बैकल्पीक प्रतिवेदन तयार गर्ने काममा सहयोग गर्न निर्देशिका

- सामान्य निर्देशिका
- धारा १ देखि ५ सम्मका लागि छाँया वा बैकल्पीक प्रतिवेदन लेख्न निर्देशिका
- धारा ६ देखि १६ सम्मका लागि छाँया वा बैकल्पीक प्रतिवेदन लेख्न निर्देशिका

## ३. नेपाल पक्ष राज्यसंग सिड समितिको जेनेभामा हुने छलफल शत्रमा भागलिनु अघि गर्ने तयारी तथा कामहरु

### ३.१. भाग लिनु अघि गर्ने तयारी तथा कामहरु

व्यक्तिगत तहमा

- आफनो समुदायमा आदिवासी महिला बिरुद्ध भए गरेका भेदभाव, हिंसा आदिको घटनाहरु वारे आदिवासी महिलाको संघ संस्थाहरु आफनो गाउं, नगर, जिल्ला, प्रदेश तथा केन्द्रिय तहमा जानकारी दिने
- आदिवासी महिलाका पक्षमा राज्यले (संघीय, प्रदेश, स्थानीय सरकार, गैसस, दातृ संस्थाहरुले गरेका राम्रो नीति, योजना, रणनीति, कार्यकम, कानून, अध्यादेश, नियम, निर्देशिका आदि आदिवासी महिलाको संघ संस्थाहरु आफनो गाउं, नगर, जिल्ला, प्रदेश तथा केन्द्रिय तहमा जानकारी दिने

- सकिन्छ भने दस्तावेजीकरण गर्ने र बुझाउने

संस्थागत तहमा

- सिड-समितिले नेपाल राज्य पक्षलाई दिएको सुझावहरुको कार्यान्वयन के कस्तो भएको छैन, सिडले दिएको अधिकारहरु कहां कति कसरी उल्लंघन भइरहेको छ र त्यसको प्रभाव आदिवासी जनजाति महिला तथा किशोरीहरुलाई के कस्तो परिरहेकोछ तथा आदिवासी महिला बिरुद्ध के कस्तो भेद्भावहरु भइरहेको छ ती सम्बन्धमा सुचीकृत ४९ बटै र सुचीकृत हुनबाँकी आदिवासी महिलाहरुसंग नियमति अन्तरकृया, छलफल, स्थलगत अध्ययन, फोनमा कुराकानी, पत्राचार आदि गरेर दस्तावेजीकरण गर्न पर्दछ ।

- यस्तो नियमित कार्य गर्न आर्थिक रकम आवश्यक पर्ने भएकोले आदिवासी महिलालाई सहयोग गर्ने माद्रे (MADRE), फिमी (FIMI), एआईपिपि (AIPP), ईफगिया (IWGIA), ईनटरनेशनल डिस्एबिलिटी अलाएन्स (International Disability Alliance), टेबटेबा (Tebtebba), एविन (AIWN), अन्तर्राष्ट्रिय सहयोग संस्था तथा नेपालको राष्ट्रिय आदिवासी जनजाति आयोग, राष्ट्रिय थारु तथा अन्तिम प्रतिवेदन तयार गर्न, अन्तरकृया तथा छलफल गर्न आदिवासी महिलाहरुको संघ संस्थाहरुको कन्सोर्टियमको माध्यम कार्य गर्नु उपयुक्त हुन्छ ।

- आदिवासीको आधिकारिक संस्थाहरुले बर्ष भरी नै अध्ययन, अनुसन्धान, अनुगमन, अन्तरकृया तथा छलफल गरि वार्षिक प्रतिवेदन तयार गर्नु राम्रो हुन्छ ।

- छाँया प्रतिवेदन लेखनकोलागि विज्ञको नेतृत्वमा कन्सोर्टियमको सदस्यहरुको प्रतिनिधित्व हुने गरी लेखन टोली गठन गर्न पर्दछ ।

- लेखन टोलीले छाँया प्रतिवेदन तयार गर्दा सत्यतथ्य प्रमाण तथा आधिकारिक स्रोतबाट उपलब्ध सुचना, जानकारी, तथा तथ्यांकहरु दिने मात्र नभएर सिड( समितिले राज्य पक्ष नेपाललाई के के प्रश्नहरु तथा सिड-समितिले राज्य पक्ष नेपालाई के सुझाव दिने सो प्रष्टसंग लेख्न पर्दछ । यि दुवै नभएको वा प्रश्न नभएर सुझावमात्र उल्लेख गरे सिडसमितिले नेपाललाई आदिवासी महिलाको

वारेमा के प्रश्न सोध्ने र के सुझाव दिने प्रष्ट हुंदैन ।

- लेखन टोलील जिनेभामा नेपालको प्रतिवेदनका सम्बन्धमा छलफल गर्नु अघि सिड-समिति र नेपालको गैसस प्रतिनिधीहरु विच अन्तरकृया हुंदा आदिवासी महिलाको तर्फबाट ३ मिनिटको प्रस्तुती तथा शत्रको बेला ३ मिनेटको प्रस्तुती अंग्रेजीमा लेखेर तयार गर्न पर्दछ ।

- गैरसरकारी संगठनसंगको अन्तरकृया तथा शत्रमा प्रस्तुती क कसले गर्ने विज्ञता तथा पाको उमेरको आधारमा तय गर्न पर्दछ ।

- सिड-समितिको सदस्यहरुले खोज्न सक्ने सम्भावित विषयहरुको तथ्यांकहरु सन्बधीत सरकारी, गैरसरकारी वा अन्य निकायमा गएर संकलन गर्नु बेश हुन्छ ।

- नेपालको प्रतिवेदनमा छलफलमा को को भाग लिन जाने तय गर्नु पर्दछ । भागलिन जानेहरुले व्यक्तिगत तथा संस्थागत तहमा माद्रे (MADRE), फिमी (FIMI), एआईपिपि (AIPP), ईफगिया (IWGIA), ईनटरनेशनल डिस्एबिलिटी अलाएन्स (International Disability Alliance), टेबटेवबा (Tebtebba), एविन (AIWN), अन्तर्राष्ट्रिय सहयोग संस्था तथा नेपालको राष्ट्रिय आदिवासी जनजाति आयोग, राष्ट्रिय थारु अयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा अन्य सरकारी वा गैर सरकारी वा अन्तराष्ट्रिय दातृ निकायहरुसंग भिसा, भ्रमण, होटल तथा खानपान आदिको लागि आर्थिक सहयोग लिन पर्ने हुन्छ ।

- पासपोर्टको अवधी सकिएको वा पासपोर्ट नभए पासपोर्ट नविकरण गर्ने वा नयाँपासपोर्ट लिने काम जतीसक्दो चाँडो गर्न पर्ने हुन्छ ।

- भिसा नभए भिसाको लीग समयमै निवेदन दिनुपर्दछ । जानु केहि दिन अघिसम्ममा पनि भिसा नआए एम्बेशीमा फोन गरेर समसयमै उपलब्ध गराईदिनको लागि ईमेल तथा फोनबाट अनुरोध गर्ने वा परराष्ट्र मन्त्रालयले राजदूतावासलाई लेखेको सिफारिस पत्र लिएर राजदूतावासमा भेट्न जाने ।

- सहयोगी संस्थाले आर्थिक सहयोग गर्ने तर भिसा अस्विकार भएकोमा सम्बन्धित

सहयोगी संस्थालाई भिषा निवेदन गर्दा लागेको शुल्क फिर्ता गर्न अनुरोध गर्ने ।

- साईड इभेन्ट गर्ने भए खर्चको व्यवस्था, बोल्ने बक्ताहरु तय गरी उनीहरुको स्वीकृती लिने, साईड इभेन्ट गर्ने स्थान वा हलको व्यवस्था गर्ने आदि कामहरु गर्न पर्दछ ।

- नेपालको महिला अधिकारवादी संस्थाहरुको कन्सोर्टियमले आदिवासी महिलाहरुले छुटेटै छायाँ प्रतिवेदन बुझाउनु भन्दा उनीहरुसंग मिसिएर संयुक्त प्रतिवेदन बुझाउन अनुरोध गरेको खण्डमा त्यस्तो प्रतिवेदनमा आदिवासी महिलाको सामुहिक अधिकारलाई ठिक र प्रयाप्त मात्रामा नसमेटेने भएकोले नमिसीएर आदिवासी महिलाको छुटेटै प्रतिवेदन बुझाउन अडान लिनु पर्दछ ।

- भाग लिन ईच्छुक वा जाने निश्चतहुने एकेडिसनको लाीग फाराम भर्न खुला भए देखि अन्तिम दिनसम्ममा अनलाईन रजष्ट्रिेशन फर्म भर्न पर्ने हुन्छ । पहिले रजिष्ट्रेशन भईसकेकाहरुले लगइन गरेर फर्म अपडेट गरेर दर्ता गर्न सकिन्छ एकेडिसन स्विकृत भएको जानकारी पत्र ईमेलबाट आउने छ । पहिलो चोटी दर्ता गर्नेले एउटा डिजीटल पासपोर्ट साईजको फोटो, पासपोट नम्बर र विवरण, उचाई तौल लागयतको व्यक्तिगत विवरणहरु तयार राख्न पर्दछ ।

- कार्यकम दर्ता पृष्ठ (Event registration page)मा क्लिक गरेर आवदेन भर्ने र इंण्डिकोको खातामा (Indico account) नभएर लग्डइन नभए एउटा यहां बनाउ ("create one here") मा क्लिक गर्ने र भ्यालीड इमेल आईडि राख्ने । ईमेल भेरीफिकेन लिंक आएपछि १ घण्टाभित्रमा आफ्नो ईमेलको इन्बक्समा गएर भेरिफरिकेशन लिंकमा क्लिक गर्ने । त्यसले नयां इण्डिको प्रोफायल बनाउनुहोस् (Create a new Indico profile) मा लैजान्छ र आवश्यक जानकारी भरे पछि मेरो इण्डिको प्रोफायल बनाउनुहोस् (Create my Indico profile) बटन थिच्ने र सामान्यत तपाईलाई लगईन (log in) गरिदिन्छ ।

  सिडको शत्रमा रजिष्टरगर्न कार्यकम दर्ता पृष्ठ (Event registration page) मा सिडको शत्रहेरेर अव आवेदन गर (Apply now) मा क्लिक गर्ने । पहिले नै लग ईन (log in) भए तपाईको प्रोफाइल देखाउंछ नत्र रातो तारा*उल्लेख भएको

जतीमा जानकारी अनिवार्य रुपमा भर्नै पर्ने हुन्छ, नत्र दर्ता हुंदैन ।

आधिकारिक पत्र मागेको खण्डमा त्यो पनि राख्न पर्छ ।

रजिष्टर भए पछि सो भएको देखाउंछ र सो वारेको जानकारी तपाईको ईमेलमा आउंछ ।

रजिष्टेशन स्विकृत भईसके पछि अन्य सान्दर्भिक जानकरहिरु सबै ईमेलमा आउंछ ।

- भागलिन जाने निश्चित भएका सहभागिले कागी (CAGI अर्थात International Geneva Welcome Centre) अर्थात CAGI को वेवसाईट https://www.cagi.ch/en/practical-infos/research-process/ मा गएर आवासको विकल्पहरु अध्ययन गरि उपयुक्त आवास पाएमा निवेदन बुझाएर स्विकृत भए पछि सम्झौतामा हस्ताक्षर गर्न पर्दछ । होटलको बिल तिर्न डेस्कको कर्मचारीसंग वा कागीको कार्यलयमा गएर तिर्ने हो भनी उल्लेख गर्न पर्दछ । यहां कम खर्चमा बस्न तथा यातयात सेवा उपयोग गर्न सकिन्छ । अन्यथा महंगो होटल बुक गर्न पर्ने हुन्छ वा आफूले चिनेजानेको साथी, इष्टमित्र वा नातेदारकोमा बस्ने व्यवस्थागर्न पर्दछ ।
- जाने निश्चित भएका मध्यले सिड-समितिको अध्यक्ष तथा सदस्यहरु, अन्य संयुक्त राष्ट संघका आदिवासी महिलासंग सम्बधीत महत्वपूर्ण पदाधिकारीहरु, जस्तै यूएन उमेन, आईएलओ, फिमि, ईविगया, एआईपिपिलागयतका संग भेटघाट र लबीगर्नको लागि एपोइण्टमेण्टहरु निश्चित गर्न पर्दछ ।
- जिनेभामा भागलिन जान पर्छ भन्ने केहि छैन । किनभने अनलाइनबाट लिखितमा दिने सुझाव देखी मूख्य सब यूएन लाईभ टिभीबाट प्रत्यक्ष प्रशारण गरेको घरै बसेर हेनै सकिन्छ ।

## ३.२. भाग लिंइरहंदा गर्ने तयारी तथा कामहरु

- कागीको आवास वा होटल वा अन्य स्थानमा चेक इन गर्ने ।
- यूनको हेडक्वाटरमा जाने र नाम दर्ता (रजिष्ट्रेशन)को कागज तथा पासपोर्ट देखाएर

भिजीटर पास लिएर कार्यक्रममा जांदा गलामा भ्रुण्ड्याउने र अरु बेला व्यागभित्र सुरक्षित राख्ने ।

- कागीको डेस्क वा कार्यालयमा गएर बिल तिर्ने ।
- कथम्कदाचित जिनेभामा रहंदासम्ममा कागीको बिल तिर्न नभ्याएर वा बिर्सेर नेपाल फर्केको अवस्थामा कागीसंग पत्राचार गरेर नेपालको बैंकबाट कागीलाई बिल अनुसारको पैसा पठाउने ।
- कम्प्युटर वा प्रिन्टर वा फोटोकपी प्रयोग गर्न परे वा अर्काइभ गरिएको आदिवासी सम्बन्धीत कागजपत्र अध्ययन गर्न डोसिप (Center for Documentation, Research and Information (DOCIP))सेवा उपयोग गर्ने ।
- जिनेभमा रहेको अवधिभरी, शत्र चलिरहेको यूएनमा वा बाहिर होटलमा वा ब्रेकफाष्ट, लञ्च, वा डिनर आदि खांदा, वा लबी तथा बाहिर हिंडडुल गर्दा खोजेका व्यक्ति वा पदाधिकारी भेटेको खण्डमा आफनो कुरा भनीहाल्न पर्छ, छोटोमा प्रष्टसंग उन्ले के कस्तो सहयोग गर्न पर्ने हो त्यो भनी हाल्न पर्छ ।
- सिड शत्रको बेला गैरसकारी संस्थाहरुको तर्फबाट बोल्न १५ मिनट जती समय छुट्याउने भएको र छाँया प्रतिवेदन बुभ्राएका संस्थाहरु दर्जनौ हुने भएकोले सबैले समय पाउन नसक्ने भएकोले ५ वटा जती समुहगतमा बांडेर एक समुहलाई बढिमा ३ मिनट जती उपलब्ध हुन्छ । महिला अधिकारवादीहले आदिवासीको कुरा समेटेर एउटैबाट गरौं भन्दा मान्न हुंदैन । आदिवासीको सामुहिक अधिकराको सवाल भएकोले आदिवासीको छुट्टै प्रस्तुती गर्ने अडान लिनु पर्दछ ।
- नेपालबाट भागलिन गएका महिला अधिकारवादी, दलित अधिकारवादी तथा अन्य संघ संस्थाका प्रतिनिधिहरुले लञ्च सहितको मिटिङगरेको भए गेष्टको समेत खानाको बिल सहभागि सबैले दामासाहिले बाँडेर जम्मा गरि तिर्ने ।
- स्टेटमेन्टमा धेरै भन्दा धेरै आीदवासी महिला तथा आदिवासीका वा अन्य संघ संस्थााहरु जती धेरै भयो त्यत्ति बढि बोल्नको लागि समयदिन प्राथमिकता दिन्छ । कम भए बोल्ने अवसर नदिन पनि सक्छ ।
- शत्र चालु भएको बेला बोल्नको लागि नाम पठाउने ।

- आफनो स्टेटमेन्ट शूरुमै जिम्मेवार भोलन्टीएर वा अधिकारीलाई बुझाएको खण्डमा अनुवादकहरुलाई उपलब्ध गरे पछि आफैले स्टेटमेन्ट पढ्दै गर्दा अनुवादकहरुले विभीन्न भाषामा अनुवाद गर्ने काम गर्दछन् ।

- पालो आएको बेला बोलेर निधारित समयमा स्टेटमेन्ट पढि सक्ने ।

- सिड समितिको सदस्यहरुले राज्य पक्ष नेपालको प्रतिनिधिहरूलाई प्रश्न सोध्नु अघि केहि जानकारी चाहिएमा दिन अनुरोध गर्ने भएकोले टोलीसंग त्यस्तो जानकारी भए तत्काल उपलब्ध गर्ने नभए नेपालमा विज्ञ टोली स्टाण्डबाई राखेर खोजेका उत्तर वा जानकारी पाउना साथ उक्त सिड सदस्यलाई दिईहाल्ने ।

    - सन् १९९८ मा पहिलो छायाँ प्रतिवेदन पेश

    - सन् २००३ मा दोश्रो र तेश्रो छायाँ प्रतिवेदन पेश

राज्य पक्ष नेपालको सिडको चौथो तथा पाँचौ संयुक्त आवधिक प्रतिवेनका सम्बन्धमा राष्ट्रिय आदिवासी महिला महासंघ (निफ), नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाह्र्निप) र फोरेष्ट पिपुल्स प्रोग्राम (एफपिपि)ले संयुक्तरुपमा पहिलो पटक २०६८ साल (सन् २०११) मा बुझाएको नेपालमा आदिवासी महिलाको अधिकारहरु (The Rights of Indigenous Women in Nepal) शिर्षक छाँया प्रविदनको पूर्ण पाठ (अंग्रेजी) यो लिंकमा उपलब्ध छ:

https://tbinternet.ohchr.org/Treaties/CEDAW/Shared%20Documents/NPL/INT_CEDAW_NGO_NPL_49_9805_E.pdf

https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N11/450/52/PDF/N1145052.pdf?OpenElement

ती १४ मध्ये एउटा छाँया प्रतिवेदन समग्र आदिवासी जनजाति महिलाहरुको पक्षबाट राष्ट्रिय आदिवासी जनजाति महिला महासंघले प्रस्तुत गरेको थियो । जम्मा ३७ पृष्ठ लामो र ५३ बुँदे प्रतिवेदनमा आदिवासी जनजाति महिला बिरुद्ध हुने बहुल विभेद, महिला अधिकार र आदिवासी जनजाति महिलाका अधिकारमा समग्र दृष्टिकोण, जातीय र लैङ्गिक विभेदको ऐतिहासिक पृष्ठभूमि, र लैङ्गिक तथ्यांक भएको तर महिला मध्ये कुन जातीको महिला भनेर छुट्याइएको तथ्यांक उपलब्ध नभएको कुराहरुलाई परिचयात्मक खण्डमा समाबेश छ ।आदिवासी जनजाति महिलाको अधिकार, भूमि, भूभाग र स्रोतहरुमा

पहुंच र स्वामित्व गुमाउनु, सार्वजनिक सहभागितामा निषेध, परम्परागत भाषाको उपयोग र

परम्परागत संस्कृतिको प्रयोगको अधिकारमा निषेधका माध्यम गरिने विभेद, रोजगारीमा विभेद र महिला बिरुद्ध हिंसा, आदिवासी जनजाति महिलाको यौन शोषण र चेलीबेटी बेचबिखन आदि प्रतिवेदनले समेटेको मूल विषयबस्तुहरु हुन ।

- सन् २०११ मा आदिवासी महिलाले बुझाएको छायाँ प्रतिवेदनसन् २०११ को जुलाईमा नेपालका तर्फबाट चौथो र पाँचौ संयुक्त आवद्यिक प्रतिवेदन पेश गरिएको थियो ।
- उक्त समयमा विभिन्न महिला अधिकारवादी संघ संस्था तथा नागरिक समाजका तर्फबाट छायाँ प्रतिवेदन पेश गरिएको थियो ।
- नेपालको इतिहासमा पहिलो पटक राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, लाहुर्निप र फरेष्ट पिपुल्स प्रोग्रामका तर्फबाट आदिवासी जनजाति महिलाका सवालमा छायाँ प्रतिवेदन पेश गरिएको थियो ।

राज्य पक्ष नेपालका सिडको छैठौं आवधिक प्रतिवेदनका सम्बन्धमा राष्ट्रिय आदिवासी महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ (निडवान) तथा आदिवासी महिला कानूनी सचेतना समूह (ईनोल्याग)को कन्सोर्टियमले संयुक्तरुपमा बुझाएको नेपालमा आदवासी महिलाहरुको अवस्था (SITUATION OF THE RIGHTS OF INDIGENOUS WOMEN IN NEPAL) शिर्षकको छाँया प्रविदनको पूर्ण पाठ (अंग्रेजी) यो लिंकमा उपलब्ध छः

https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N18/378/89/PDF/N1837889.pdf?OpenElement

- सन् २०१८ मा आदिवासी महिलाले बुझाएको छायाँ प्रतिवेदननेपालका तर्फबाट छैठौं आवद्यिक प्रतिवेदन पेश गरिएको थियो ।
- राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, आदिवासी महिला कानूनी सचेतना समुह र राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ नेपालका तर्फबाट आदिवासी जनजाति महिलाका

सवालमा छायाँ प्रतिवेदन असोज २०७५ मा पेश गरिएको थियो ।

- सिड समितिले १४ नोभेम्बर २०१८ मा नेपाल राज्य पक्षलाई निष्कर्ष सुझाव दिएको छ जुन आदिवासी महिलाको लागि ऐतिहासिक छ ।
- सिड-समितिको सुझाव भनेको सिड-समितिले महासन्धिको विभिन्न धारा वा महिला अधिकारका विषयमा गरेको आधिकारिक व्याख्या हो ।
- सुझावमा महासन्धिको कुनै प्रावधानलाई वर्तमानको सन्दर्भमा विस्तृत व्याख्या तथा व्यवस्था गरेको हुन्छ ।
- सुझाव को माध्यमबाट महासन्धिको धाराहरूलाई विस्तृत अर्थ दिन सकिने हुँदा यसले महासन्धिको विधिशास्त्रीय विकासमा मद्दत पुऱ्याउँदछ ।
- सुझावले पक्ष राज्यलाई सिड(महासन्धि अन्तर्गतको दायित्व अझ स्पष्टसँग बुझ्न पनि मद्दत पुग्दछ ।

## स्टेप-११
## निष्कर्ष अवलोकन तथा सुझाव

१. सिड-समितिले राज्यको आवधिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष अवलोकन तथा सुझाव दिने महत्वपूर्ण काम गर्दछ । राज्य पक्षले बुझाएको प्रतिवेदन र सिड-समितिले राज्य पक्ष नेपाललाई सोधेको प्रश्नको उत्तरहरु, र आदिवासी, समूह तथा गैरसरकारी संस्थाहरु, विज्ञले बुझाएको लिखित छायाँ प्रतिवेदनहरु लगायतलाई ध्यानमा दिएर सिड-समितिले राज्य पक्ष नेपापलाई सुझावहरु दिन्छ । महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राज्यले महिला महासन्धि अन्तर्गत पेश गर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरूको विश्लेषण गरी प्रतिवेदन माथि गर्ने टिप्पणीलाई निष्कर्ष अवलोकन तथा सुझाव (Concluding Observation & Recommendations) भनिन्छ ।

निष्कर्ष सुझाव हरेक पक्ष राज्यहरू तथा उनीहरूले प्रस्तुत गरेको प्रतिवेदनहरू अनुसार फरक फरक हुन्छ ।

समितिले निष्कर्ष सुझावमा पक्ष राज्यमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमी कमजोरी तथा अभावहरूलाई औंल्याउने तथा महासन्धि अन्तर्गतका दायित्वहरू पालना गर्न आवश्यक सुझावहरू दिने काम गर्दछ ।

२. निष्कर्ष सुझाव महासन्धिमा आधारित भइदिने तथा यसको प्रक्रिया पनि महासन्धिले नै निर्धारण गरेको हुनाले महासन्धिका पक्ष राज्यहरू निष्कर्ष सुझावलाई मान्न उत्तरदायी हुन्छन् तर भने बाध्यात्मक हुंदैन ।

पहिलो प्रतिवेदन २०५४ (ई.सं. १९९७) सालमा, र परिपुरक प्रतिवेदन (अप्शनल प्रोटोकल) २०५६ (सन् १९९९) सालमा

नेपालको पहिलो प्रारम्भिक प्रतिवेदन जनवरी १९९९ मा, दोस्रो तथा तेस्रो संयुक्त आवधिक प्रतिवेदन समितिको २०६० साल .(सन् २००४) मा, चौथो र पाँचौ संयक्त आवधिक प्रतिवेदन सन् २०११ मातथा छैठौं आवधिक प्रतिवेदन २०७५ साल (सन् २०१८)मा प्रस्तुत भई सिड समितिले निष्कर्ष सुझाव दिएको थियो ।

सिड(समितिले २८( पौष २०६० मा महिला बि्रद्ध भेद्भाव उन्मूलन गर्नका लागि सिड( समितिको प्रतिवेदन (च्भउयचत या तजभ ऋयफष्ततभभ यल तजभ भ्ष्फ्ष्लबतष्यल या म्ष्कअचष्फष्लबतष्यल बनबष्लकत ध्यफभल, घण्तज कभककष्यल ९ज्ञद्द(घण व्बलगबचथ द्दण्ण्द्ध०० जारी गरेको थियो ।

**राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता२३. संविधान सभामा ३३ प्रतिशत महिला सहभागिता भएकोमा समिति स्वागत गर्दछ । तर उच्चस्तरीय निर्णायक तह, सार्वजनिक सेवा, न्यापालिका, कुटनीतिक सेवा, राष्ट्रिय मानव अधिकार आयोग र स्थानीय तहमा महीला  खासगरी दलित र आदिवासी जनजाति महिलाको प्रतिनिधित्व ज्यादै कम भएकोमा समिति गम्भीर सरोकार व्यक्त गर्दछ ।**

**२४. सिड समितिको सुझाव:(ख) सार्वजनिक तथा राजनितिक जीवनमा महिलाको पूर्ण र समान सहभागिता अभिबृद्धि गर्न पक्ष राज्यले समितिको सिफारिस नं. २३ लाई पूर्ण रुपमा उपयोग गरी मह(क) महिला सहभागिता बढाउनका लागि भविष्यको संसदमा**

**आरक्षण प्रणाली बढाइयोस् ।**

**महासन्धिको धारा ४ को प्रकरण (१) तथा समितिको सिफारिस नं. २५ बमोजिम अस्थायी विशेष व्यवस्था गरियोस् ।**

**यस प्रयोजनका लागि समिति पक्ष राज्यलाई निम्न सुझाव गरेकोछ**

**(१) स्थानीय तहका गाउं विकास समितिदेखि राष्ट्रिय तह र कुटनीतिक तहसम्मका निर्वाचित हुने र नियुक्त हुने सार्वजनिक जीवनका सबै क्षेत्रमा दलित र आदिवासी जनजाति सहितका महिलाको प्रतिनिधित्व बढाउने गति तीव्र पार्न निश्चित लक्ष्य र समय तालिका निर्धारण गर्ने ।**

(२) समग्र समाजमा निर्णायक तहमा महिला सहभागिताको महत्वका सम्बन्धमा चेतना अभिबद्धि गर्ने क्रियाकलापहरु कार्यान्वयन गर्ने र महिला उम्मेदवार तथा सार्वजनिक कार्यालयका निर्वाचित महिलाहरुलाई लक्ष्य गरी तालिम र सल्लाह दिने कार्यक्रमहरु विकास गर्ने तथा वहालवाला तथा भविष्यका महिला नेतृहरुलाई नेतृत्व तथा पैरवी क्षमता र सीप विकासका बारेमा कार्यक्रम संचालन गर्ने ।

२८. समिति पक्ष राज्यलाई महासन्धिको धारा १० को परिपालनाको अभिबृद्धि गर्न जोड दिन्छ र शिक्षालाई मानव अधिकार र महीला सशक्तिकरणको एक महत्वपूर्ण आधारको रुपमा लिन चेतना अभिबृद्धि गर्न आव्हान गर्दछ । यस प्रयोजनको लागि समिति पक्ष राज्यलाई निम्न कार्यहरु गर्न आग्रह गर्दछ :

(क) शिक्षा प्रणालीको प्रत्येक तहमा शहरी, ग्रामिण र दुर्गम क्षेत्रका सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने उद्देश्य हासिल गर्न आफ्नो प्रयासहरुलाई सुदृढ तुल्याउने, दलित, आदिवासी जनजाति र अन्य गैर लाभान्वित समूहका बालिकाहरुप्रति बिशेष ध्यान दिंदै आपङ्गता भएका बालिकाहरुलाई पूर्वाधार सुधार तथा सहयोग प्रणालीको व्यवस्था मार्फत शिक्षामा पहुँच दिलाउने ।

ख) कम उमेरमा विवाह गर्ने कार्यलाई नियन्त्रण गर्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन लगायतका ठोस व्यवस्थाहरु गरी बालिकाहरु विद्यालय छोड्ने कार्य रोक्ने ।

(ग) औपचारिक तथा अनौपचारिक शिक्षा तथा तालिमका विस्तृत कार्यक्रमका माध्यमबाट महिलाको साक्षरता दर सुधार गर्ने आफ्ना प्रयासहरु सुदृढ तुल्याउने ।

(घ) महिला शिक्षिकाको भर्ना र तालिम बढाउने ।

**रोजगारी**

**३९. कमैया प्रथामाथि रोक लगाइएको कुरा स्वागत गर्दै थारु सुमदायको आदिवासी जनजाति समुदायमा यो प्रथा अझै कायम रहेको भनी गरिएको प्रतिवेदन प्रति समिति सरोकार व्यक्त गर्दछ । बाल श्रमको उच्च दर खास गरी ८ वर्ष देखी १४ वर्षसम्म उमेर समूहका बालिकाहरुलाई बालश्रममा लगाइएको, अनौपचारिक क्षेत्रमा उच्च अनुपातमा महिला संलग्न रहेको र कार्यस्थलमा व्यापक मात्रामा यौनजन्य दुर्व्यवहार रहेको कुरामा पनि समिति थप सरोकार व्यक्त गर्दछ । यौन दुर्व्यवहार नियन्त्रण सम्बन्धी मस्यौदा विधेयक सन् २००९ देखी नै संसदमा विचारधीन रहिरहेको कुरा प्रति पनि सरोकार व्यक्त गर्दछ ।**

**४०. समिति पक्ष राज्यलाई विभिन्न गैरलाभान्वित समुहका महिलाहरु विरुद्ध भइरहेका बहुविभेदको अन्त्य गर्न यस्ता महिलाको अवस्था सम्बन्धी तथ्याङ्क संकलन गर्ने, कानुनी व्यवस्था र विस्तृत कार्यक्रम तर्जुमा गर्ने, आम संचार माध्यम लगायत समुदाय एवम् धार्मिक नेताहरुलाई संलग्न गराई सार्वजनिक शिक्षा र चेतना अभिबृद्धि अभियान संचालन गरी विविध प्रकारका भेदभाव विरुद्ध लड्ने कार्यलाई प्राथमिकतामा राख्न आग्रह गर्दछ ।**

५ चैत्र २०६० (१८ मार्च २००४) मा दिएको निष्कर्ष सुझावको पूर्ण पाठ (अंग्रेजी) यो लिंकमा उपलब्ध छ(यस्मा आीदवासी शब्द एउटा पनि उल्लेख छैन):

https://www.ohchr.org/en/documents/concluding-observations/report-committee-elimination-discrimination-against-women-30th-4

https://www2.ohchr.org/english/bodies/cedaw/docs/co/NepalCO30.pdf

२६ श्रावण २०६८ (११ अगस्त २०११) मा दिएको निष्कर्ष सुझावको पूर्ण पाठ (अंग्रेजी) यो लिंकमा उपलब्ध छ:

https://www.ohchr.org/en/documents/concluding-observations/concluding-observations-183

https://www2.ohchr.org/english/bodies/cedaw/docs/co/CEDAW-C-NPL-CO-4-5.pdf

२८ कार्तिक २०७५ (१४ नाभेम्बर २०१८) मा दिएको निष्कर्ष सुझावको पूर्ण पाठ ( अंग्रेजी) यो लिंकमा उपलब्ध छ :

https://digitallibrary.un.org/record/1656064/files/CEDAW_C_NPL_CO_6-EN.pdf

सन् २०१८ मा दिएको निष्कर्ष सुझावको पूर्ण पाठ (खस नेपाली) यो लिंकमा उपलब्ध छ:

https://www.ohchr.org/en/documents/concluding-observations/concluding-observations-sixth-periodic-report-nepal

https://nepal.un.org/en/138291-concluding-observations-cedaw-committee-sixth-periodic-report-nepal-2021

सिड समितिले १४ नोभेम्बर २०१८ मा नेपाल राज्य पक्षलाई निष्कर्ष सुझाव

- महिला विरुद्धको उन्मूलन समिति ९ (CEDAW Committee) मा राज्य पक्षले पेश गर्ने प्रतिवेदनहरुको विश्लेषण गरि उक्त प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष सुझाव भनिन्छ ।
- निष्कर्ष सुझाव राजयले प्रस्तुत गरेको प्रतिवेदनका आधारमा समितिले प्रदान गर्दछ ।
- यसले महासन्धीको कार्यान्वनयमा रहेका कमी कमजोरी तथा अभावहरुलाई औंल्याउदै महासन्धि अन्तर्गत राज्यले अपनाउनु पर्ने आवश्यक सुझावहरु प्रदान गर्दछ ।
- यस्ता निष्कर्ष सुझावहरुलाई मान्न राज्य उत्तरदायी हुन्छन् ।
- महिला विरुद्धको उन्मूलन समिति ९ (CEDAW Committee) मा राज्य पक्षले पेश गर्ने प्रतिवेदनहरुको विश्लेषण गरि उक्त प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष सुझाव भनिन्छ ।
- निष्कर्ष सुझाव राज्यले प्रस्तुत गरेको प्रतिवेदनका आधारमा समितिले प्रदान गर्दछ ।
- यसले महासन्धीको कार्यान्वनयमा रहेका कमी कमजोरी तथा अभावहरुलाई

औंल्याउदै महासन्धि अन्तर्गत राज्यले अपनाउनु पर्ने आवश्यक सुझावहरु प्रदान गर्दछ ।

- यस्ता निष्कर्ष सुझावहरुलाई मान्न राज्य उत्तरदायी हुन्छन् ।
- निष्कर्ष सुझावका केहि उदाहरणहरु सकारात्मक पक्षहरू
- भेदभाव पूर्ण कानुनहरु ,अस्थायी विशेष व्यवस्था
- महिला विरुद्ध हिंसा, बहुल विभेदका सामना गरिरहेका महिला
- बेचविखन र यौन व्यवसाय (वेश्यावृत्ति), शोषण
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता
- राष्ट्रियता, गरिबी अवस्थामा रहेका महिला, आप्रवासी महिला
- शिक्षा, रोजगारी, कामदार, द्वन्द्व प्रभावित महिला, शरणार्थी महिला, विवाह र पारिवारीक सम्बन्धमा भेदभाव ।

## आधारभुत सुझाव (General Recommendations)

महिलालाई असरपार्न सक्ने कुनै पनि सवाल जुन राज्य पक्षले बढि ध्यान दिनुपर्ने हुन्छ त्यस्का सम्बन्धमा सिड-समितिले आधारभुत सुझाव दिने सक्छ । सन् २२० सम्मा ३८ वटा आधारभुत सुझाव (General Recommendations) दिईसकेको छ भने सन् २०२१ मा आदिवासी महिला र कशिोरी (Indigeneous women and girls) का सम्बन्धमा सिडको आधारभुत सुझाव संख्या ३९ (General Recommendations N0. 39) को मस्यौदा सार्वजनिक गरी सुझावहरु लिईसेको छ र यस्लाई अव चाँडै अन्तिमरुप दिएर लागू गर्नेछ । यस्को मस्यौदाको पूर्ण पाठ (अंग्रेजी)मा यो लिंकमा उपलब्ध छ: https://www.ohchr.org/sites/default/files/2021-12/Draft-GR-indigenous-EN.docx

मस्यौदाका सम्बन्धमा ९ वटा राज्य पक्ष, २ जना सन्धी निकाय विज्ञ, ३६ वाट गैसस, ३ जना प्राज्ञिक र एउटा अन्यले दिएको सुझावहरुको पूर्ण पाठ (अंग्रेजी)मा यो लिंकमा उपलब्ध छ:

https://www.ohchr.org/en/calls-for-input/calls-input/draft-general-recommendation-rights-indigenous-women-and-girls

मस्यौदाका सम्बन्धमा राष्ट्रिय आदिवासी महिला महासंघ (निफ), राष्ट्रिय आदिवासी महिला मञ्च (निफ), राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ (निडवान) तथा आदिवासी महिला कानूनी सचेतना समूह (ईनोल्याग)को कन्सोर्टियमले संयुक्तरुपमा दिएको सुझावहरुको पूर्ण पाठ (अंग्रेजी)मा यो लिंकमा उपलब्धछ: https://www.ohchr.org/sites/default/files/2022-02/14.docx

सिडको आधारभुत सुझाव संख्या ३९ (General Recommendations N0. 39) मा ८० अनुच्छेद छ । सबै सुझावहरु यूएनडिपले सुनिश्चत गरेका अधिकारहरु खाय गरेर आत्मनिर्णयको अधिकार, स्वायत्तता, प्रथाजनित शासन तथा कानून, भूमि, भूभाग तथा श्रोत, स्वतन्त्र, अग्रिम जानकार्रा सहितको मञ्जुरीलगायतका सबै अधिकारहरु समेटेको छ ।

# सन्दर्भ सामग्रीहरु

**निम्न सन्दर्भ सामग्रीहरु (खस नेपाली तथा अंग्रेजी) मा भएका सदन्र्भ सामग्रिलाई यो स्टेपवाईज गाईडमा उपयोग गरिएको छ:**

## सन्दर्भ सामग्रीहरु (खस नेपालीमा)


महिला, कानुन र विकास मञ्च (FWLD) (साल उल्लेख नभएको) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड) तथा ईच्छाधिन आलेख जानकारी पुस्तिका । ललितपुर तथा काठमाडौं: संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA) तथा महिला, कानुन र विकास मञ्च (FWLD) ।

यशो कान्ति भट्टचन (गौचन) (मिति उल्लेख नभएको) । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (सिड) को छायाँ प्रतिवेदन र निष्कर्ष सुझाव सन् २०११, २०१८ सम्बन्धी जानकारी । पावरप्वाइन्ट प्रस्तुती ।

यशो कान्ति भट्टचन (गौचन) (२०१७) महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (सीड), यस्को संयन्त्र र अवस्था । पावरप्वाइन्ट प्रस्तुती ।


## सन्दर्भ सामग्रीहरु (अंग्रेजीमा)


Indico. Step-by-Step Guide. Indico Un Profile Creation & how to register for an event. Retrieved from

https://indico.un.org/event/1000070/attachments/3/6/Step%20by%20Step%20Guide%20Registration%20in%20Indico%20%28004%29.pdf

IWRAW (n.d.) Producing Shadow Reports to the CEDAW Committee: A Procedural Guide. International Women's Rights Action Watch (IWRAW). Retrieved from

http://hrlibrary.umn.edu/iwraw/proceduralguide-08.html

IWRAW (n.d).PARTICIPATION IN THE CEDAW REPORTING PROCESS: PROCESS AND GUIDELINES FOR WRITING A SHADOW/ALTERNATIVE REPORT. International Women's Rights Action Watch (IWRAW Asia Pacific). Updated February 2010. Retrieved from

https://ilga.org/wp-content/uploads/2016/02/Participation-in-the-CEDAW-reporting-process.pdf

UN Women (2019). The CEDAW-based Legal Review: A Brief Guide. Canada & UN Women.Retrieved from

https://eca.unwomen.org/en/digital-library/publications/2019/04/the-cedaw-based-legal-review-a-brief-guide#:~:text=The%20CEDAW%2Dbased%20Legal%20Review%3A%20A%20Brief%20Guide%20was%20developed,Forms%20of%20Discrimination%20against%20Women

**National Indigenous Women Forum**
Kathmandu-32, Pepsicola, Nepal
Ph: +977-1-5156113
GPO Box: 11923
www.niwfnepal.org.np

@NIWF_Nepal niwf_nepal

**National Indigenous Women's Federation**
Buddhanagar-10, Kathmandu, Nepal
Ph: +977-1-4794192
Email: niwf2057@gmail.com
www.niwf.org.np